☎०७८-५४०१७०, ५४१११६
Email:info@kawasotimun.gov.np
Website: kawasotimun.gov.np

कावासोती नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

शिवमन्दिर, नवलपरासी (बर्दघाट सुस्ता पूर्व)
गण्डकी प्रदेश, नेपाल

प.सं.
च.नं.

## आशयपत्र माग गर्ने सूचना

**प्रथम पटक प्रकाशित मिति : २०७९/०३/२१ गते**
**दोश्रो पटक प्रकाशित मिति : २०७९/०४/०५ गते**

नेपाल सरकार र स्वीट्जरल्याण्ड सरकार बीच भएको सम्झौता अनुसार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय मार्फत यस नवलपरासी (वर्दघाट सुस्ता पुर्व) जिल्लामा सुरक्षित वैदेशिक रोजगार सम्बन्धी सूचना तथा परामर्श केन्द्र सञ्चालन गर्ने तथा **कावासोती नगरपालिका, गैडाकोट नगरपालिका, मध्यविन्दु नगरपालिका र विनयी त्रिवेणी गाउँपालिकामा** समुदाय सचेतीकरणका कार्यक्रमहरु, मनोसामाजिक परामर्श र वित्तीय साक्षरता सम्वन्धी कार्यक्रमहरु सञ्चालनमा सहयोग पुऱ्याउनका लागि सञ्चालन हुन गईरहेको सुरक्षित आप्रवासन कार्यक्रमका (Safer Migration Program) लागि आवश्यक परामर्श सेवा उपलब्ध गराउन ईच्छुक, नेपालको प्रचलित नियमानुसार यस जिल्लामा दर्ता भई देहायका योग्यता पुगेका संघ, संस्था एवं कम्पनीहरुबाट उक्त सेवा उपलब्ध गराउने सम्बन्धी आशयपत्र आव्हान गरिएको छ। योग्यता पुगेका इच्छुक संस्थाहरुले यो सूचना प्रकाशित भएको मितिले सात दिन भित्रमा (२०७९ श्रावण ११ गते सम्ममा) कार्यालय समयभित्र कावासोती नगरपालिकाको कार्यालयमा आईपुग्ने गरी निर्धारित ढाँचामा आशय पत्र पेश गर्न सकिनेछ। आशयपत्रदाताको योग्यता, आशयपत्रको ढाँचा, सुचीकरणको आधार एवं अन्य थप आवश्यक जानकारीको लागि यस कावासोती नगरपालिकाको वेब साईट www.kawasotimun.gov.np मा राखिएको छ।

(१) आशयपत्रदाताको योग्यता :
- क) अनुभव : कम्तिमा पाँच बर्ष अगाडि दर्ता भई कार्यक्रम सञ्चालन गरेको।
- ख) प्रस्तावित कार्य सँग मिल्ने कार्यको अनुभव भएकोलाई प्राथमिकता दिइनेछ।

(२) प्रस्तावित कार्य सम्पन्न गर्न लाग्ने अनुमानित समय :कम्तिमा दुई बर्ष परामर्श सेवा प्रदान गर्नुपर्नेछ।

(३) संक्षिप्त सूचीमा परेका फर्म, संस्था वा कम्पनीबाट मात्र परामर्श सेवा खरिद सम्बन्धी प्रस्ताव माग गरिनेछ।

(४) आशयपत्रदाताले आशयपत्रसाथ आशयपत्रको नमुनामा उल्लेख भए बमोजिमका कागजातहरु पेश गर्नुपर्नेछ।

(५) आशयपत्र पेश गर्ने स्थान : कावासोती नगरपालिकाको कार्यालय, कावासोती

(६) आशयपत्र तयार गर्ने निर्देशन आशयपत्रको ढाँचामा नै समावेश गरिएको छ। उक्त निर्देशन पालना नभएको आशयपत्र उपर कारवाही गरिने छैन।

(७) सुरक्षित आप्रवासन सम्बन्धी सम्पुर्ण परामर्श सेवा एउटै परामर्शदाताबाट दिनु पर्नेछ।

८) यो सेवा प्रदान गर्नको लागि कुनै पनि व्यक्ति वा संस्था संग उप सम्झौता (sub contract) गर्न पाईने छैन। तर रेडियो मार्फत प्रसारण हुने रेडियो जिङ्गल प्रसारण तथा आप्रवासी कामदार हकहित सञ्जालसंग उप सम्झौता गर्न यो बुदाँले वाधा पुऱ्याउने छैन।

(९) आवश्यक थप जानकारीका लागि कार्यालयमा सम्पर्क राख्नुहोला।

नोटः यस जिल्लामा दर्ता भएका संस्था भन्नाले साविकको नवलपरासी जिल्लामा दर्ता भएको, र नवलपरासी वर्दघाट सुस्ता पुर्व जिल्ला स्थापना भए पश्चात नवलपरासी वर्दघाट सुस्ता पुर्व जिल्ला प्रशासन कार्यालयमा नियमानुसार नवीकरण भइराखेका संस्था भन्ने वुझिन्छ।